# ७ नं. प्रदेश, दार्चुला, अपिहिमाल गाउँपालिकाको
# आ.ब २०७५/०७६ को लागि
# नीति तथा कार्यक्रम २०७५

धर्मानन्द सिंह मनयाल
अध्यक्ष
अपिहिमाल गाउँपालिका , दार्चुला
७ नं. प्रदेस

**गरिमामय तेस्रो गाउँसभाका सभाध्यक्ष ज्यू**

मानव जातिको सम्मानजनक विकास, समाजमा मानवीय आत्मा गौरव सहितको व्यक्तिको सम्मानजनक सहभागिता, प्राकृतिक सम्पदा तथा कृत्रिम सम्पदा र वैज्ञानिक आविस्कारमा समतामुलक हकाधिकारको प्रयोग, राज्याका सेवाप्रदायक अंगबाट समान ढङ्गको सेवाप्रवाहको व्यवस्था, व्यक्तिगत मानवअधिकारको जमानि सहित समता सहितको समानता युक्त समाजवादउन्मुख समाज निर्माणार्थ , विभिन्न बिचार र वादव्दारा निर्देशित विभिन्न पार्टी वा समुहमा आवध्द भई वा व्यक्तिगत रुपले स्वइफुर्त भई यो समाजलई आजको दिन, अर्थात अपिहिमाल गाउँपालिका सरकारले इतिहासमा दोस्रो पटक जनताको नीति तथा कर्याक्रम घोषणा गर्ने दिन सम्म ल्यइपुराउने आदरणीय लक्ष्मण लोथ्याल, क्याउरा बोहरा, विसन सिंह धामी, प्रेम सिंह बोहरा र पछिल्लो चरण ५२, सालदेखि ६२/६३ को जनआन्दोलन सम्मको नेपाली जनताले चलाएको जनविद्रोहमा यस गाउँपालिकाको तर्फबाट राष्टिय कोटा पुर्ति गर्न बलि चढेका आदरणीय युवा वीर योध्दा क. तानसिंह ठेकरे (निरज) प्रति गहिरो सम्मान व्यक्त गर्दै गणतन्त्र प्राप्तिका निम्ति बलिदान गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति श्रदाञ्जली व्यक्त गर्दा यस घडिमा घाइते अपाङ्गता भएका नागरीकलाई समेत गहिरो सम्मान व्यक्त गर्न चाहन्छु।

म यस महत्वपुर्ण घडिमा अपिहिमाल गाउँपालिका स्थापनाका लागि नेतृत्व तहमा नेताका रुपमा रहेका समिति तहमा सदष्यको रुपमा जिम्मेवारी पायका र व्यक्तिगत रुपले आन्दोलित भएर गरिएको संगठित तथा असंगठित आन्दोलनमा योगदान गर्ने सम्पुर्ण जनतालाई धन्यवाद दिदै नेपालको संविधानको भाग १७(स्थानिय आर्थीक कार्यप्रणाली)धारा २१४ तथा अनुसुचि '८'ले दिएका अधिकार प्रयोग गर्न स्थनिय तह सरकार संञ्चालन ऐन को दफा २४ ले दिएको अधिकार प्रयोग गरि यस हपिहिमाल गाउँपालिका सरकारको चालु आर्थिक वर्ष २०७५-७६ को नीति तथा कार्यक्रम पेस गर्ने अनुमति चाहन्छु।

गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशीता, समाजिक न्याय जस्ता महत्वपूर्ण औजारहरु प्राप्ती भएका छन् । मुलुक समृध्दि र विकासको यात्रामा अघि बढी सकेको छ। यो मुलुकका सम्मननीय प्रधानमन्त्रीज्यूले **"सुखी नेपाली, समृध्द नेपाल"** सुविचारित ढङ्गले समाजवाद उन्मुख नेपाली समाजको 'चरित्र' चित्रण गरि सक्नुभएको छ। मौजुदा समाजको विशेषता र जनताले प्राप्त गरेको मौजुद बैधानिक औजारहरु, पालिका भित्रका कृषि, जडिबुटि, जलश्रोत र पर्यटनलाई उचित व्यवस्थापन र परिचालन गरी अपिहिमाल गाउँपालिकाको विकास र समृध्दिको ढोका खोल्न प्रयोग हुने सबै साधनहरुको व्यवस्थापन गरिने छ।

नेपालको संविधान भाग १७ को धारा२१४ गाउँपालिकाको कार्यकारिणी अधिकार तथा भाग १९(स्थानिय आर्थीक कार्यप्रणाली) धारा २२८ राजस्व र व्ययको अनुमानमा भएको ब्यवस्था अनुरुप आगामी आ.व २०७५-०७६ का लागि गाउँपालिका सरकारको बजेट तथा कार्यक्रमलाई समेत दिशानिर्देश गर्ने अपिहिमाल गाउँपालिका सरकारको नीति तथा कार्याक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा मलाई धेरै खुसी लागेको छ।

चालु आ.व २०७५-०७६ मा यस अघि गाउँपालिका सरकारका तर्फबाट प्रस्तुत प्रथम "नीति तथा कार्यक्रम र बजेट" सम्मनित गाउँपालिका सभाबाट स्वीकृत भई कार्यन्वयन भएका कार्यक्रमहरु जुन ढङ्गले सम्पन्न हुनु पर्ने थिए, त्यसरी सम्पन्न हुन नसकेको वास्तविकताको धरातलबाट भएको सिकाईबाट सजगता अपनाउँदै आगामि दिनमा प्रभावकारी कार्यान्वनको आधार विन्दु मान्दै आ.व २०७५-०७६ को लागि गाउँपालिका सरकारले नीति तथा कार्याक्रम तर्जुमा गर्दा आ.व २०७४-०७५ मा प्रस्तुत गरिएका नीति तथा कार्याक्रमलाई आधरशिलाको रुपमा आत्मासाथ गरिइको छ।

नेपालको संविधान अनुसुची ८ मा उल्लेखित स्थानीय तहको एकल सुची, अनुसुची ९ को साझा सुची, स्थानीय तह कार्याविभाजन नियमावलि, २०७४ एवंम मौलिक हक र मानवअधिकार कार्यन्वयनका लागि आवश्यक कानुनको तर्जुमा गरी संगठनात्मक विकास गर्न आगामी आर्थिक वर्षमा गाउँपालिका सरकार निर्देशित हुने छ।

आ.व २०७५-०७६ का लागि नेपाल सरकार र प्रदेश सरकार द्वारा प्रस्तुत बजेट संग तादम्याता कायम गरि, नेपाल सरकार र प्रदेश सरकार द्वारा लक्षित 'दिगो विकास लक्षित यो नीति नै गाउँपालिका सरकारको लक्षित नीति र कार्यक्रम हुने छ।

आगामी आर्थिक वर्षका लागी नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा कर गैर कर राजश्व प्रस्ताव गरी अपिहिमाल गाउँपालिकाको आर्थिक एवं समाजिक विकासमा टेवा पुग्ने गरी गाउँपालिका सरकारले आयब्ययको अनुमान गाउँसभा समक्ष प्रस्तुत गर्ने छ।

## उपस्थित महानुभावहरु

बुदागत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।

### क . आर्थिक विकास

१. कृषिलाई व्यवसायीकरण गर्न स्थानीय उत्पादनको पहिचान गरी वाह्यबजारसम्म पहुचको व्यवस्था गर्न लेभलिङ र प्याकेजिङको व्यवस्था गर्नमा आवश्यक सहजीकरण गर्ने व्यवस्था गरिने छ।

२. घरायसी भेडापालन र कुखुरापालनलाई निरन्तरता दिदै व्यवसायीकरणका लागि उच्च प्राथमिकताका साथ पहल गरिने छ।
३. खेती योग्य जडिबुडीको पहिचान गरी व्यवसायिक उत्पादन गर्न आवश्यक कार्यक्रम लागु गरिने छ।
४. 'प्रधानमन्त्री कृषि आधुनिकीकरण' कार्यक्रमलाई कार्यन्वयन गर्न कार्यक्रम संग आवश्यक समन्वयन र सहकार्य गर्दै स्याउ र ओखर मा दिदै आएको ५०% अनुदान लाई यथावत राख्दै व्यवसायिक तालिमको व्यवस्था गरिने छ।
५. गाउँपालीका स्तरमा स्थापना भएका पोलीहाउसमा थोपा सिचाईको व्यवस्था गरिने छ र थप पोलिहाउस थप गरिने छ ।
६. जनताद्वारा उत्पादित वस्तुहरुको उचित मुल्य निर्धारण गरी खरिद गर्न र जनतालाई आवश्यक पर्ने वस्तुहरुको सहज पूर्ति गर्नका लागि प्रत्येक वडाका आवश्यक ठाउँमा कम्तीमा एउटा सहकारी पसल सञ्चालन गरिने छ।
७. धार्मिक पर्यटनलाई बढावा दिनको लागि घुसा माहादेवको मन्दिर निर्माण गर्दै अन्य धार्मिक स्थलहरुलाई महत्तो दिइनु का साथै होमस्टेको लागि अध्ययन गरिने छ।
८. प्रत्येक स्वयमसेवीकालाइ दिदै आयको सुविधालाई निरन्तरता दिदै प्रभावकारी परिचालनका आवश्यक कार्यक्रम लागु गरिने छ।
९. प्राकृतिक श्रोत साधनको अधिकतम प्रयोग गरी जनतासंग सरकार कार्यक्रम मार्फत सार्वजनिक साझेदारीमा एउटा कम्पनि स्थापना गरी छरिएको पूजीलाई एकिकृत गरि लगानिको सुनिश्चितता गर्न आवश्यक नियममा सुधार गरी लागू गरिने छ।
१०. उद्धोग वाणिज्यसंगको सहकारितामा विभिन्न व्यावसाय र साना उद्धोग संञ्चालन गर्न आवश्यक उद्धोग नितिमा सुधार गरि व्यवसायीकरण गर्न गैह्र काष्ठ वन पैदावार तथा वाख्रापालन, कुखुरापालन, जस्ता कार्यक्रममा आवश्यक सहयोग गरिनेछ।
११. गाउँपालिका द्वारा कार्यान्वयनमा गएका गाउँपालिका स्तरका योजनाहरुको प्रभावकारी कार्यान्वयनका लागी कम्तीमा १० लाख भन्दा साना योजना निर्माण गरिने छैन । आवश्यक परेमा कार्यपालिकाले निर्णयमा गरे अनुसार हुने ब्यवस्था लागु गरिने छ। सानातिना मर्मत सम्भारका लागि एक मर्मत सम्भार कोषको ब्यवस्था गरिने छ।
१२. एकिकृत सम्पत्तिकर लागु गर्न कानुन बनाई कार्यन्वयन गरिनुका साथै सम्पूर्ण नागरिकलाई करको दायरा भित्र ल्याइनेछ र समयमै कर चुक्ता गर्ने करदातालाई नियमानुसार मापदण्ड तयार गरी प्रोत्साहन गरिने छ ।
१३. एकीकृत सम्पत्तिकर प्रणालीलाई प्रभावकारी रुपले लागु गर्न जग्गा तथा घरको एकीकृत मुल्य निर्धारण गरी सम्पत्तिकरलाई मर्यादित र आत्मगौरव पूर्ण बनाउन आवश्यक व्यवस्था गरिने छ।
१४. सहकारी नितिलाई अनिवार्य अवलम्वन गर्दै उपभोक्ता सहकारी, उत्पादन सहकारी तथा बहुउद्धेशीय सहकारीको अवधारणा अगाडि सार्दै संकटासन अवस्थामा रहेका सहकारीको

उत्थान तथा नवगठित सहकारी लाई आवश्यक निती बनाई व्यवस्थापन तालिम योजनामा सहभागिता तथा विकास संग जोडिने अन्य कार्यक्रम समेत साझेदारीमा सवलीकृत बनाउन आवश्यकता अनुसार सहयोग गरिने छ।

१५. एक घर एक व्यवसायको निती अवलम्वन गर्दै "जनता सवै गाउँपालिकामा, बालबालिका सवै विधालयमा " भन्ने मुख्य नारामा अनिवार्य व्यवसाय दर्ता प्रणालीलाई व्यवस्थित गरिने छ।

१६. दर्ता गरी व्यवसाय संचालन गर्ने व्यवसायीलाई आवश्यक सहयोग गर्न व्यवसायिक जनता कार्यक्रम लागु गरिने छ।

१७. खच्चर व्यवसायीको दिगो व्यवस्थापन गर्नका  लागी आवश्यक निति निर्माण गरी भाडादर निर्धारण गरि मर्यादित व्यवसायको रुपमा अगाडि बढाउन आवश्यक कार्यविधि निर्माण गरी लागु गरिने छ।

१८. बचत गर्ने बानी बसालौं अन्तर्गत 'एक व्यक्ति एक खाता कार्यक्रमको पूर्व अध्ययन, प्रशिक्षण र गोष्ठी जस्ता चेतनामुलक कार्यक्रम गरिने  छ।

१९. लघु उधम स्थापना गर्ने निती कार्यन्वयन गर्न आवश्यक वातावरण र पुर्वाधार बिकासमा बिशेष कार्यक्रम संचालन गर्न आवश्यक पडल गरिने छ।

२०. कृषिलाई व्यवसायिकरण गर्न कृषि समुह, कृषि फार्म वा ब्यक्तिका लागि आवश्यक औजारहरुमा निश्चित अनुदान सहयोग गरिने छ।

२१. गैह्र काष्ठ वन पैदावार तथा औषधि जन्य जडीबुटीको खेती गर्न प्रोत्साहन गर्ने सम्भाव्यता अध्ययन गरी संकलन गर्ने, प्रशोधन केन्द्र स्थापना गर्न आवश्यकता अनुसार नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

**ख. सामाजिक विकास:**

१. प्रत्येक व्याक्तिलाई स्वच्छ खानेपानीको पहुचमा ल्याउन,  न्युनतम जीविकोपार्जनमुखी कार्यक्रममा जनताको सहभागिताको सुनिश्चित प्रदान गर्न र ग्रामिण सरसफाई र चेतनामुलक कार्यक्रम संञ्चालन गर्न र 'एक घर,  एक धारा'  को नीतिलाई उच्च प्राथमिकतामा राखेर जनताको सहभागितामा दीगो खानेपानी व्यवस्थापनको आवश्यक कार्यविधि निर्माण गरी लागु गरिने छ।

२. दीर्घकालिन स्वच्छ वातावरणको प्रत्याभुत गर्ने रणनिति अनुसार घरेलु गोठ सुधार तथा मलखाद व्यवस्थापन गर्न आवश्यक कार्यक्रम तयार गरी लागु गरिने छ।

३. प्रतेक जनतालाई स्वस्थ हुन पाउनुपर्ने अधिकार कार्यान्वयन गर्नका लागि स्वास्थ्य सेवाको पहुच व्यक्ति व्यक्तिलाई प्रत्याभुत गर्न स्वास्थ्य अभिलेख को ब्यवस्ता गर्न कम्तीमा रगत समुह,  हेमोगोलोविनको मात्रा,  रगतको मात्रा लगायत व्यक्तिगत इतिहास झल्किने गरी गोपनियताको प्रत्यभुत सहित स्वास्थ्य अभिलेख कार्यक्रम लागु गरिने छ।

४. विद्यालय स्वास्थ्य कार्यक्रमलाई आवश्यक सुधार गरी प्रभावकारी बनाइने छ।

५. सिविर नागरिकता को बेवास्ता गरिने छ।
६. पोषणमा जनताहरुको पहुच सुनिश्चिता गर्नको लागि गाउँपालिकाभरी आवश्यक कार्यक्रम लागु गरी कम्तिमा एउटा वडालाई पोषणयुक्त वडाको रुपमा विकास गर्न गैरसरकारी संस्थाहरुसंग आवश्यक समन्वयन गरी लागु गरिने छ।
७. उपचारमा जनताहरुको अधिकार सुनिश्चित गर्न आधुनिक चिकित्सा पद्वति र आयुर्वेद पद्वतिको समन्वयन गरी लागु गरिने छ।
८. असहाय, दीर्घ रोगी तथा राज्यद्वारा सेवा प्रदान हुदै आयका विरामीहरु र खास गरी मुटु रोगी, मृगौला रोगी, कलेजो रोगी, क्यान्सर पिडित र एच आई भी एड्स पिडितलाई दिदै आयको सुबिधालाई निरन्तरता दिदै थप आवश्यक सहयोग पुरयाउनका लागि स्वास्थ्यकोषको व्यवस्थागरी लागु गरिने छ।
९. स्थानीय स्तरमा उपचार नहुने तथा उपचारका लागि गाउँपालिका बाहिर जानु पर्ने असहाय, गरिवी र अतिआवश्यक बिरामीहरुलाई यातायातमा प्रयोजनमा परिचालन गर्न सक्ने गरी एउटामा यम्बुलेन्स सुबिधा सहितको यातायातको साधन परिचालन विधि निर्माण गरी लागु गरिने छ।
१०. स्वास्थ जाँचको व्यवस्था गर्न प्रत्येक वडामा वा गाउँपालिकामा एक वर्षमा कम्तिमा एक पटक स्वास्थ्य सिविरको व्यवस्था गरिने छ।
११. सुत्केरी भत्तालाई यथावत राख्दै आमा तथा शिशुका लागि आवश्यक कार्यक्रम लागु गरिने छ।
१२. बर्थिङ सेन्टरको स्तरोन्नति गरी प्रभावकारी सेवा पर्दान गरिने छ।
१३. चेतनामूलक स्वास्थ शिक्षालाई प्रभावकारी गर्न प्रतेक वडामा स्वास्थ्य शिक्षा कार्यक्रम लागु गरिने छ।
१४. शिक्षालाई प्रत्येक व्यक्तिको नैसर्गिक अधिकारलाई प्रत्याभुत गर्न शिक्षा क्षेत्र सुधार कार्यक्रमलाई आवश्यक सुधार गरी निरन्तरता दिइने छ।
१५. जडिबुडि खेती तथा संकलन सम्बन्धि स्थानिय शैक्षिक पाठ्यक्रम तयार गरी गाउँपालीकाका सबै शैक्षिक संस्थाहरूमा पाठ्यक्रम लागु गरिनेछ।
१६. युवा स्वरोजगार कार्यक्रमलाई चेतनामुलुक र उद्देश्यमूलक बनाई प्रभावकारी ढङ्गले लागु गर्नको लागि मौजुदा कार्यविधि र नियमावलीलाई ठोस उद्देश्यप्राप्तिका सुचक सहित व्याख्या गरी थप सहभागिताको वातावरण निर्माण गर्न आवश्यक कार्यविधि तथा नियमावली संसोधन गरी लागु गरिने छ। यो कार्याक्रमलाई तानशेन युवा स्वरोजगार कार्यक्रमको रुपमा विकास गरि लागु गरिने छ।
१७. खेलकुदलाई स्वास्थ संग जोड्ने उद्देश्यले ‘अपि कप’(क्रिकेट) र विद्यालय स्तरको लागि ‘अपि रनिङ सिल्ड’ संञ्चालन गर्न आवश्यक कार्यविधि निर्माण गरि लागु गरिने छ।

१८. विद्यालय शिक्षालाई प्रभावकारी ढङ्गले लागु गराउन आवश्यक शिक्षा नीतिमा सुधार गरी शिक्षा समितिले बनाएका कार्यक्रमहरु लागु गरिने छ।

१९. युवा क्लवहरुको समाजिक परिचालनको क्षेत्रमा परिचालन गर्न असल कामका आधारमा पुरुस्कृत गर्ने व्यवस्था गर्दै संगठित स्वरोजगारमा उच्च प्राथमिकतामा राखेर कार्यक्रम गरिने छ।

२०. दलितहरुप्रति हुँदै गरेको भेदभावलाई निर्मूल पार्न र दलितहरुलाई चेतना सहित सामजिक मूलधारमा ल्याउन एकिकृत दलित वस्ती विकास कार्यक्रम लागु गरिने छ।

२१. अनाथ तथा अपाङ्ग भएका बालबालिकालाई सुविधायुक्त स्थानहरुमा पालिकाको संयोजकत्वमा पढाईको व्यवस्था गरिने छ।

२२. मर्यादित महिनावारी व्यवस्थापन लागि गा.पा स्तरिय निति तयार गरिने छ।

२३. विद्यालयलाई क्रमिकरुपले वालमैत्रि पूर्ण बनाईने छ।

२४. जनतालाई आवश्यक न्याय प्रत्याभुति गराई न्याय सम्पादन गर्न मुजुदा न्याय समितिलाई व्यवस्थित तथा सुविधायुक्त बनाउन तथा व्यवस्थापन गर्न आवश्यक कार्यक्रम कार्यान्वयन गरिने छ।

२५. दीगो आवासको नीति अवलम्वन गर्दै नक्सा पास गराएर निर्माण भएका वा हुने घरहरुलाई आवश्यक प्राविधिक सेवा उपलब्ध गराईने छ।

२६. बालविवाहलाई निरुत्साहित गर्न बाल दुलाहा र दुलाहीलाई सुधार गृहमा र अविभावक र मतियारलाई आवश्यक जरिवाना व्यवस्था गरिने छ।

२७. बालविवाह, छाउपडि, छुवाछुत, तथा अन्य सामाजिक अपराधजन्य कृयाकलापको अन्त गर्न विभिन्न चेतनामुलक कार्यक्रम गरिने छ।

२८. सामाजिक सुधारका लागी आवश्यक सल्लाह तथा निती निर्माणमा सहयोग हुने हेतुले बनेको अध्ययन कार्य दललाई धन्यवाद दिंदै थप प्रभाबकारी बनाउन आवश्यक समय र प्रबिधी उपलब्ध गराउदै एक बर्ष थप अध्ययनको लागी म्याद थप गरिने छ।

२९. पर्यटन पूर्वाधार अध्ययन कार्य दल (समिति) लाई थप अध्ययनको लागि १ बर्षको अवधि थप गरिने छ।

३०. युवा स्वरोजगारलाई व्यवस्थित गर्न तानसेन  निरज युवा स्वरोजगार कोषको स्थापना गरी वेरोजगार युवाहरुलाई स्वरोजगार प्रदान गर्न आवश्यक नितिनिर्माण गरी लागू गरिने छ।

३१. भवन निर्माण आचार संहिता बमोजिम भवन निर्माण गर्ने र अन्य निर्माण कार्य गर्न स्थानीय जन-शक्ति उत्पादन गर्ने र भवन आचार संहिता अनुरुप निर्माण कार्य संचालन गरिनेछ।

३२. खेलकुदलाई व्यवसायीकरण गराउने उद्देश्यले पालिका स्तरका, जिल्ला स्तरका, प्रदेश स्तरका र राष्ट्रिय स्तरका खेलाडिहरुलाई रोजगारिमा प्राथमिकता दिईने नीति ल्याइने छ।

३३. सुकुम्वासीहरुको पहिचान गरी लगत राखी  सुकुम्वासी समाधान गर्न आवश्यक पहल गरिने छ।

३४. जेष्ठ नागरिक लागि एक जोर न्यानो लुगाको व्यवस्था गरिने छ।

३५. अपागंता भएका व्यक्तिलाई समाजिक मुल धारमा ल्याउनका लागि अपागंता भएका व्यक्तिले गर्ने व्यवसायमा आवश्यक निति बनाई अनुदानको व्यवस्था गरिने छ।

३६. आन्तरिक अल्पसंख्यक सुचिकृत ओईरे, तोथ्याल, धामी, अट्याल र देउरुखिलाई दिंदै आएको सुविधालाई साविक अवस्थामै निरन्तरता दिईने छ।

३७. विधालय शिक्षालाई प्रभावकारी रुपले संचालन गर्न अभिभावक शिक्षक भेटभाट कार्यक्रम लागु गरिने छ।

३८. सार्वजनिक स्वास्थ्य कोषको स्थापना गरी ७० बर्ष पुगेका जेष्ठ नागरिकहरुलाई दिईदैं आएको नि:शुल्क उपचारको नितिलाई थप प्रभावकारी बनाईने छ।

३९. दलितहरुलाई सामाजिक सहभागितामा मर्यादित उपस्थिती गराउनको लागी दलित लक्षित बजेटको सम्पुर्ण हिस्सा दलित उत्थान कार्यक्रम घोषणा गरिने छ । आवश्यक निति र कार्यक्रम लागु गरिने छ।

४०. बालबिकास केन्द्रमा कार्यरत शिक्षकहरुको मनोबल बढाउन प्रतिमहिना रु. एक हजार दरले वर्तमान स्केलमा थप नहुने गरी प्रोत्साहन भत्ता प्रदान गरिने छ।

४१. विधालयमा कार्यरत परिचरहरुको सेवा सुविधा सम्मान गर्ने उद्देश्यले सेवा निर्धारण गरि आवश्यक तलबमा मापदण्ड निर्धारण गरिने छ।

४२. छाउपडि प्रर्था मुक्त धाराको निर्माणलाई निरन्तरता दिइने छ।

४३. बालबिकास केन्द्रका सिक्षिका हरुलाई प्रोत्साहन भत्ताको बेवस्था गर्दै आवश्यक बालबिकास केन्द्र थप गरिने छ।

४४. शिक्षा को लागि खाद्य कार्यक्रम लाई थप प्रभावकारी गर्न अधिकृत स्तरको दरवन्दि सिर्जना गरि लागु गरिने छ।

४५. नेपाल सरकार द्वरा लागु गरीएको गरिब आवास कार्यक्रमलाई गाउँपालिका भित्र अध्ययन गरि तथ्यङ्क संकलन गरि क्रमश: लागु गरिने छ।

४६. गाउँ सरकार द्वारा संञ्चालित कार्यक्रमलाई प्रभावकारी ढङ्गले संञ्चालन गर्न आवश्यक समाजिक परिचालकको व्यवस्था गरिने छ।

४७. अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक कार्यक्रम गरि लागु गरिने छ।

## ग. पूर्वाधार विकास:

१. गाउँपालिकाद्वारा कार्यन्वनमा आएको गौरवका आयोजना भित्रको मकरीकोट पदमार्गलाई पर्भावकारी ढङ्गले सञ्चलन गर्नुको साथै पाटु-झुस्कुमा प्रस्तावित गरीएको अपि सेतु (Api Setu Bridge) को विस्तृत परियोजना प्रतिवेदन (D.P.R) तयार गरी कार्यान्वनमा ल्याइने छ प्रदेश संग सहकारी गर्ने।

२. प्रत्येक जनतालाई उज्यालोमा बस्न पाउने अधिकारको सुनेश्चित गर्न 'उज्यालो अपि' कार्याक्रम लागु गरी ग्रामिण विधुतिकरणका लागि आवश्यक कार्यक्रम लागु गर्दै पाँथा घट्टेखोला लघु जलविधुत समयमै सम्पन्न गर्न आवश्यक पहल गरिने छ।
३. गाउँपालिका भरी कुनै पनि लिखित गर्दा प्रयोग हुने कागज प्रविधिलाई निरुत्साहित गर्दै उच्च प्रविधि प्रवर्धन गर्दै कम्तिमा वडा कार्यालय सम्म फ्रि वाइफाईको सुविधा स्थापना गर्न प्राथमिकतामा राखी अगाडि बढाइने छ।
४. केन्द्र सरकार र प्रदेश सरकार द्वारा अनुमति लिएर अध्ययन तथा संचालन उन्मुख रहेका उर्जा संग सम्बन्धित आयोजनाहरुलाई स्थानीय जनताको हकप्रद अधिकार माथि हस्तक्षेप नहुने गरी समन्वय सहकार्य र सहयोगको वातावरण निर्माण गरी आयोजना संचालनमा आवश्यक निर्देशन नियमन र सहजीकरण गरी आयोजना शुरु गर्ने आवश्यक नीति नियम निर्माण तथा सुधार गरिने छ।
५. क्रमिक रुपले काठेपुल मुक्त गर्ने उद्धेश्यले झोलुङ्गे पुल साना तथा ठुला र ट्रसपुलहरुको लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयनका लागि पहल गरिने छ।
६. घोरेटो बाटो निर्माण गर्दा अनिवार्य ढुङ्गा प्रयोग गरी पट्याउनु पर्ने र कम्तिमा बाटोको चौडाई १.५ मिटरको हुनु पर्ने व्यवस्था गरिने छ।
७. पुराना निर्माण सम्पन्न हुन बाँकी योजनाहरुलाई सम्पन्न गर्न निरन्तरता दिईने छ।
८. खात्ती खेलमैदानलाई क्षेत्रिय स्तरको रंगशाला निर्माण गर्ने विस्तृत परियोजना प्रतिवेदन (D.P.R.) तयार गरिने छ।
९. भष्ट्राचारमा शुन्य सहनशिलताको सिद्दान्त अवलम्वन गरी सरकारी कारोबार बैंकिङ्ग प्रणालीमा लैजाने उद्देश्यका साथ माछापुच्छ्रे बैंक स्थापना गर्न आवश्यक सहयोग गरिने छ।
१०. पालिकालाई राजमार्गले छिटो जोडनको लागि बिटुले, पारीबगर, खण्डेश्वरी र घुसा रणनैतिक राजमार्गलाई आवश्यक समन्वय र सहयोगको वातावरण निर्माण गरिने छ।
११. संचारको पहुच नपुगेका वडा नं. ३ र वडा नं. ६ लाई संचार संग जोडन आवश्यक कार्य गरिने छ।
१२. एक वडा एक कृषि सडकको अध्ययन गरि प्रतिवेदन पेश गरिने छ । २०७६/०७७ को आर्थिक बर्षलाई यातायात बिकास बर्षको रुपमा घोषणा गर्न पूर्व तयारी गरिने छ।
१३. आ.ब. २०७४/०७५ बाट सुरु गरेको गुरु योजना निर्माण कार्यलाई निरन्तरता दिईने छ।
१४. नमुना उन्मुख विधालयलाई दिईदै आएको सहयोगलाई निरन्तरता दिदै थप बिधालयलाई समेत नमुना उन्मूख घोषणा गरिने छ।
१५. दुई मेगा वाट भन्दा तलका आयोजना हरुका का क्रमश: सम्भव्ता अध्ययन गरि लागानि मैत्री वतावण सिर्जना गर्न उर्जा नीति तयार गरिने छ।
१६. पर्यटकिय द्रिष्टिकोणले महत्वपूण मानीएको घो.बा लाई पर्यटकिय पदमार्ग गर्न र आवश्यक घो.बा को निर्माण गरिने छ।

१७. समाज निर्माणमा  माहत्वपूर्ण योगदान दिने समाजसेवीको सम्झनामा भौतिक संरचना निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।
१८. गाउँपालिका स्थरको अतिथि गृह निर्माण गरि लागु गरिने छ।
१९. जलस्रोत सित सम्बन्धित योजनाहरुको संचालन तथा मर्मत संभार निति तयार गरिने  छ।
२०. गाउँपालिकाको जलउपयोग गुरु योजना , जिविको पार्जन कार्यन्वयन योजना तथा लगानि रणनिति तयार गरिने छ।

**घ.  वन, वातावरण तथा विपद् ब्यवस्थापन:**

१. वातावरणीय प्रदुषण न्युनिकरणका लागि आवश्यक नीति निर्माण गरी क्षेत्ती घजिरलाई धर्मिक तथा वातावणीय पर्यटन क्षेत्रको रुपमा विकास गर्न 'क्षेत्तीघाजिर एकिकृत विकास'  कार्यक्रम निर्माण गरी ५ वर्ष भित्र पर्यटन गन्तव्यको रुपमा विकास गर्न आवश्यक निति निर्माण गर्ने प्राथमिकतामा राखी लागु गरिनु को साथै आजकै मिति देखि क्षेत्ति र घाजिरका कुनै पनि क्षेत्रभित्र भौतिक पुर्वाधार निर्माण गर्दा अनिवार्य स्वीकृत लिनु पर्ने व्यवस्था गर्न यस गरिमामय गाउँसभा समक्ष अनुरोध गर्दछु।
२. विपद व्यवस्थापनको  कार्यलाई प्रभावकारी रुपले संचालन गर्न विपद् व्यवस्थापन कोषको निर्माण गरिने छ।
३. विपद जोखिम न्यूनीकरण गर्नका लागि हरेक योजनालाई अनिवार्य रुपले दिगो व्यवस्थापनका मापदण्डहरु अपनाई लागु गरिने छ।
४. विपद जोखिम न्यूनीकरण गर्नका लागि गाउँपालीका स्तरीय जोखिम तथा विपद् प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गरिने छ ।
५. वन तथा वातावरणिय र जलवायु परिवर्तन अनुकुलन कार्यक्रमको निर्माण गरि लागु गरिने छ।
६. गाउँपालीका स्तरीय सार्वजनिक तथा प्रति जग्गा पहिचान गरी सामुदायिक वन व्यवस्थापन गर्ने नीति कार्यान्वयन गरिने छ ।

**ङ. सुशासन तथा संस्थागत विकास:**

१. नि.मा.वि, मा.बि सबै , स्वास्थ्य चौकी घुसा र खण्डेश्वरी तथा गाउँपालिकामा विद्धुतिय हाजिरीको व्यवस्था गरी कर्मचारीको प्रभावकारी सेवा प्रवाह निश्चिता गर्दै आगामी चार बर्ष भित्र प्रत्येक सरकारी कार्यालय भित्र बिधुतीय हाजिरी प्रणाली लागु गरिने छ।
२. सुचनाको हक सम्बन्धि आवश्यक पारदर्शीता कायम राख्र प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गरिने  छ। सम्पूर्ण सुचनाहरुलाई एकद्वार प्रणाली कायम गर्न सुचना अधिकृतको काम कर्तव्य र अधिकारलाई सशक्त बनाउदै सुचना अधिकृतलाई जिम्मेवारी थप प्रत्यायोजन गरिने छ।

३. कर्मचारीहरुको क्षमता अभिवृद्दिको लागी आवश्यक तालिमको व्यवस्था गरिने छ र कार्यालय भित्र पोषाक अनिवार्य गर्न नेपाल सरकारले उपलब्ध गराएका कर्मचारीहरुलाई  बाहेक अरुको पोषाक व्यवस्था गरिने  छ।
४. जनप्रतिनिधि र कर्मचारीहरुको दक्षता अभिवृद्दी गर्न आवश्यक तालिम र अवोलकन भ्रमणको व्यवस्था गरिने छ।
५. राष्ट्र सेवक कर्मचारीको उच्च मनोबल र सम्मान बढाउन 'जनताको कर्मचारी' पुरस्कारको व्यवस्था गर्न कोष खडा गरि लागु गरिने छ।
६. एउटा वडा कार्यलयको भौतिक, मानव संसाधन बिकास एंव अभिलेख व्यवस्थापनको लागिआवश्यक स्रोत जुटाई नमुना वडा कार्यालयको रुपमा रुपान्तरण गरी अन्य वडा कार्यालयहरुमा पनि आवश्यक कर्मचारीको व्यवस्था गर्दै क्रमिक रुपले आवश्यक सहयोग पुर्याईने छ।
७. गाउँपालिका सरकारलाई चुस्त गतिमा डोर्याउनका लागि कार्यपालिका, न्यायपरिषद् र व्यवस्थापिकाका सचिवालय, मुख्य शाखाहरु र अन्य आवश्यक व्यवस्थापनको लागि "प्रशासन सुधार कार्यक्रम" लागु गरिने छ।
८. जनताको सुचनामा पहुंचको हकलाई ख्याल गर्दै अभिलेख बिधिलाई पारदर्शीता, विश्वसनीयता सहितको उच्च प्रबिधियुक्त बनाईने छ।
९. पालिका सरकारको काम कारवाहिलाई व्यवस्थित गर्न बनेका छ वटा बिषय समितिलाई समेट्ने गरि छ वटा शाखा निर्धारण गरी जनताको गुनासो पहुंचको सुनिश्चितता गरिने छ।
१०. गाउँपालीकाको बिस्तृत विवरण सहितको गाउँपालीका पार्श्व–चित्र (Rural Municipality Profile)  को प्रकाशनमा सरोकारवालाहरुको पहुँच सनिश्चित गराईनेछ,
११. गाउँपालीका बाट तयार गरीएका गुरु योजना, रणनैतिक योजना, आवधिक योजना, बार्षिक योजना, गाउँपालीका पार्श्व–चित्र लगायत अन्य प्रकाशनहरुमा सरोकारवालाहरु को पहुँच सुनिश्ति गर्न प्रकाशनहरुलाई डिजिटलाईजेशन गरिनेछ ।
१२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही तथा पञ्जीकरण लगायत गाउँपालीका क्षेत्र भित्रका सार्वजनिक निकायहरु मार्फत प्रवाह गरिने सेवाहरु सेवाग्राही मैत्री बनाउन Online System मार्फत संचालन गर्ने व्यवस्था मिलाई E-governance को प्रत्याभूति गराउने व्यवस्था मिलाईनेछ,
१३. सार्वजनिक तथा नीजि भवन निर्माण गर्दा भवन निर्माण आचार संहितालाई पूर्ण रुपमा लागु गर्ने नीतिलाई निरन्तरता दिईनेछ,

**च. अन्य:**

१. अपिनम्पा संरक्षण क्षेत्रसंग समन्वय गरी प्रभावित क्षेत्रमा विकास निर्माण गर्दा अनिवार्य रुपले गाउँपालिकाको पूर्व स्वीकृती लिनुपर्ने व्यवस्था गरिने छ । व्यक्ति, संघ र प्रदेशका एकल निर्णय अधिकार क्षेत्र भन्दा बाहिरका अथवा स्थानीय तहको समेत अधिकार उल्लेख भएका बुदामा पालिकाको स्विकृती बिना बनाईने कुनै पनि व्यक्ति, संघसंस्था द्वारा संचालित कार्यक्रमहरु लागु गर्न दिइने छैन ।
२. मदिरा निषेध गरिएको कार्यक्रमबाट आशातित प्रतिफल प्राप्त नभएको अवस्थामा मदिरा सम्बन्धी जनमत बुझ्नु पर्ने देखिएकोले जनमत संग्रह घोषणा गरी जनमतको भावना अनुरुप व्यवस्था गरिने छ।
३. भुतपूर्व गा.बि.स.का श्रदय अध्यक्ष द्वय प्रेमसिंह बोहरा र विशन सिंह धामीको सम्मानमा प्रेमविशन आयआर्जन कार्यक्रम लागु गरी स्वरोजगारलाई बढावा दिइने छ।
४. सेवा पदक बाट बिभुषीत महिला समाज सुधारक श्रीमती क्याउरा देवी बोहराको सम्मानमा क्याउरा देवी बोहरा महिला सशक्तिकरण कार्यक्रम संचालन गरिने छ।
५. जेष्ठ नागरिकहरुलाई संगठित गरी समाज निर्माणमा अभिभावकीय भुमिका हस्तान्तरण गर्ने उद्धेश्यले श्री लक्ष्मण सिंह लोथ्यालको सम्मझनामा लक्ष्मण लोथ्याल जेष्ठ नागरिक कार्यक्रम गरिने छ।
६. असार मसान्त भित्र आफ्नो बार्षिक कार्ययोजना सहित निवेदन दिने गैर सरकारि संस्थाहरुलाई क्jnमताको सर्वोपरि हितलाई सम्मान गर्दै आन्तरिक समावेशीताको सिद्दान्तमा रहेर सहकार्यको नीति अवलम्वन गरिने छ।
७. विद्यालयमा कार्यारत कर्मचारि र बालबिकास केन्द्रका शिक्षीका हारुलाई पोसाकको व्यवस्था गरिने छ।

सभाध्यक्ष महोदय,

अपिहिमाल गाउँपालिका सरकारको उल्लेखित निती तथा कार्यक्रमको परिधि भित्र रही आगामि आ.ब. २०७५/०७६ को लागी सिमित स्रोत साधनका बाबजुद अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम पेश गर्ने व्यहोरा यस गरिमामय गाउँसभामा जानकारी गराउँदछु ।

आर्थिक बर्ष २०७५/०७६ को लागि कुल बजेट २० करोड ९८ लाख ३८ हजार विनियोजन अनुमान गरिएको छ।

| क्र.स. | विवरण | बजेट००० | |
|---|---|---|---|
| १ | अपिहिमाल गाउँपालिका संघिय वित्तीय सामानीकरण अनुदान | 60000 | |
| २ | आयुर्वेद चिकित्सालयहरु / औषधालयहरु | 1861 | |
| ३ | आयुर्वेद सेवा कार्यक्रम | 697 | |
| ४ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | 4618 | |

| | | | |
|---|---|---|---|
| ५ | कृषक पाठशाला संचालन (पशु/कृषि) सम्बन्धी | 200 | |
| ६ | क्षयरोग नियन्त्रण | 62 | |
| ७ | खेलकुद विकास कार्यक्रम | 100 | |
| ८ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | 15516 | |
| ९ | ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम | 4800 | |
| १० | पशु विकास सेवा कार्यक्रम | 80 | |
| ११ | पशु सेवा विभाग | 606 | |
| १२ | पशु स्वास्थ्य ,रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | 66 | |
| १३ | प्राथमिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय, स्वास्थय केन्द्र, चौकी तथा उपचौकीहरू) | 5359 | |
| १४ | बाल कल्याण कार्यक्रम | 53 | |
| १५ | महिला विकास कार्यक्रम(महिला जागृति कार्यक्रम समेत) | 625 | |
| १६ | माटो परीक्षण तथा सुधार सेवा कार्यक्रम | 40 | |
| १७ | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम | 1045 | |
| १८ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | 90 | |
| १९ | वातावरणीय सरसफाइ आयोजना | 223 | |
| २० | विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर | 11282 | |
| २१ | सबैका लागि शिक्षा- आधारभूत/माध्यामिक तह | 28907 | |
| २२ | समाज कल्याण कार्यक्रम (जेष्ठ नागरिक कार्यक्रम समेत) | 130 | |
| २३ | सहकारी खेती, साना सिचांइ तथा मल बीउ ढुवानी कार्यक्रम | 540 | |
| २४ | सामुदायिक तथा कवुलियती वन विकास कार्यक्रम | 300 | |
| क) जम्मा | | | |
| ख) प्रदेश वित्तीय सामानीकरण अनुदान | | 6546 | |
| ग) प्रदेश सर्शत अनुदान | | | |
| १ | देउली खानेपानी | 5000 | |
| २ | झुस्कू-पाटु पूल | 6000 | |
| ३ | रुगुर खोला तटबन्ध | 7500 | |
| | | | |
| ग) जम्मा | | | |

| | | | |
|---|---|---|---|
| घ) राजश्वबाँडफाँड संघीय | | 41002 | |
| ङ) राजश्वबाँडफाँड प्रदेश | | 659 | |
| च) आन्तरिक स्रोत | | 1000 | |
| कुल जम्मा | | 204907 | |

**उपस्थित महानुभावहरु**

प्रस्तुत गरिएको विनियोजित वजेट मार्फत कार्यक्रम कार्यान्वयन गर्न योजनाहरु छनौट गर्दा योजना प्राथमीकीकरणका आधार तथा मापदण्डहरु समेत निर्धारण गरी योजना प्राथमीकीकरण गरिएको समेत जानकारी गराउन चाहन्छु ।

**योजना प्राथमीकरणका आधार तथा मापदण्डहरु**

- आर्थिक विकास र गरीबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमुलक र छिटो प्रतिफल दिने,
- राजशव परिचालनमा योगदान दिने,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिबृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशिकरणको अभिबृद्धि गर्ने,
- स्थानीय संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान प्ऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने र
- जन–युद्ध तथा जन–आन्दोलनबाट प्रभावित क्षेत्र तथा समुदायलाई सहयोग पुऱ्याउने ।

अन्त्यमा,

यस गाउँपालिकाको आ.ब.२०७५/०७६ को निती तथा कार्यक्रम निर्माणमा सहयोग गर्नु हुने कार्यपालिकाका सदस्य, गाउँ सरकारका बिषयगत कार्यालयहरु, बिषयगत समितिहरु र कार्यपालिका सचिवालयका सम्पुर्ण कर्मचारीहरु तथा वडा कार्यालयका सम्पूर्ण कर्मचारिहरु एंव सल्लाहाकार ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । नीती तथा कार्यक्रम कार्यान्वयनको चरणमा सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा राखेको छु ।

धन्यवाद ।